नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४९ | अङ्क ५ | माघ २०८१ | जनवरी-फेब्रुवरी २०२५

# 'एकीकृत निर्देशन, २०८०' मा संशोधन



नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको 'एकीकृत निर्देशन, २०८०' मा संशोधन तथा परिमार्जन गरेको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले पुस २५ गते परिपत्र जारी गर्दै यसको कार्यान्वयन गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई निर्देशनसमेत दिएको छ । संशोधनअनुसार बैंक तथा वित्तीय संस्थाले २०८१ माघ १ गतेदेखि राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणको पहुँचका आधारमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बरको विवरण यकिन गरी अनिवार्य रूपमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बरका आधारमा खाता खोल्ने व्यवस्था मिलाउनुपर्नेछ । साथै, नेपाल सरकारले सामाजिक सुरक्षालगायतका सरकारी भुक्तानी दिनुपर्ने अवस्थामा सम्बन्धित सरकारी निकायले उपलब्ध गराएको विवरणका आधारमा बैंक तथा वित्तीय संस्थाले खाता खोल्नुपर्नेछ । त्यस्तो खाताबाट रकम झिक्नुअघि उक्त निर्देशनबमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि हुनुपर्ने निर्देशनमा उल्लेख छ ।

संशोधित व्यवस्थाअनुसार ग्राहकले उपलब्ध गराएको मोबाइल नम्बरको विवरण निज ग्राहककै रहे नरहेको सुनिश्चित गर्न निहित जोखिमका आधारमा संस्थाले आवश्यक पहिचान पद्धति अवलम्बन गर्नुपर्नेछ । सम्पत्ति शुद्धीकरण ऐन, २०६४ बमोजिम प्रकाशित सूची र सम्पत्ति शुद्धीकरण नियमावलीबमोजिम गृह मन्त्रालयले विभिन्न माध्यमबाट उपलब्ध गराएको व्यक्ति, समूह वा सङ्गठनको सूची वा सोसँग सम्बद्ध कुनै व्यक्ति, समूह वा सङ्गठनसँग आफ्नो कारोबार भए नभएको नियमित रूपमा यकिन हुने अद्यावधिक प्रणाली स्थापना गर्न निर्देशन दिइएको छ । सूचीकृत व्यक्ति, समूह वा सङ्गठन वा सोसँग सम्बद्ध व्यक्तिको खाता, लकर वा अन्य कुनै रकम संस्थासँग रहेको भएमा तत्काल रोक्का राखी नियमावलीको अनुसूची-१० बमोजिमको ढाँचामा राष्ट्र बैंकको सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखालाई तीन दिनभित्र जानकारी गराई सोको एक प्रति वित्तीय जानकारी इकाइलाई समेत उपलब्ध गराउनुपर्ने व्यवस्था मिलाइएको छ ।

यसै गरी, उच्चपदस्थ व्यक्तिहरूलाई पदमा बहाल रहेका उच्चपदस्थ व्यक्ति, बहाल नरहेका उच्चपदस्थ व्यक्ति, छिमेकी

वा नजिकका मुलुकको विदेशी उच्चपदस्थ व्यक्ति, अन्य विदेशी उच्चपदस्थ व्यक्ति र अन्तर्राष्ट्रिय संस्थाको उच्चपदस्थ व्यक्तिका रूपमा वर्गीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ । उच्चपदस्थ व्यक्तिको अभिलेख निज पदबाट अवकाश वा मुक्त भएको मितिले कम्तीमा १० वर्षसम्म कायम राख्नुपर्नेछ । साथै, बैंक तथा वित्तीय संस्थाले आफ्नो ग्राहक उच्च पदस्थ व्यक्तिका परिवार वा नजिकको सम्बन्ध भएका व्यक्ति भए नभएको यकिन गर्नुपर्नेछ । २०८१ माघ १ सम्ममा संस्थाले सबै उच्च पदस्थ व्यक्तिको खातामा राष्ट्रिय परिचयपत्रको विवरण अद्यावधिक गर्न समेत निर्देशन दिइएको छ । २०८१ माघ १ सम्ममा सबै उच्चपदस्थ व्यक्तिको खातामा राष्ट्रिय परिचयपत्रको विवरण अद्यावधिक गर्नुपर्नेछ ।

ग्राहक पहिचान गर्दा वा ग्राहकको विवरण अद्यावधिक गर्दा 'राष्ट्रिय जोखिम मूल्याङ्कन र पारस्परिक मूल्याङ्कन प्रतिवेदन, २०२३' ले औंल्याएका जोखिमयुक्त सम्बद्ध कसुर जस्तैः भष्ट्राचार, कर छली, मानव बेचबिखन एवम् अन्य जोखिमयुक्त सम्बद्ध कसुर र क्यासिनो वा इन्टरनेट क्यासिनो व्यवसायी, बहुमूल्य धातु वा वस्तु व्यवसायी, घरजग्गा खरिद/बिक्री व्यवसायी तथा सहकारीको खाता र आबद्ध व्यक्तिको पहिचान र निजहरूको कारोबारलाई प्राथमिकतामा राखी अनुगमन गर्नुपर्ने व्यवस्था थप गरिएको छ । कानुनी व्यक्ति वा कानुनी प्रबन्धले व्यावसायिक कारोबारसँग सम्बन्धित रकम त्यस्तो कानुनी व्यक्ति वा कानुनी प्रबन्धको खाताबाहेक अन्य कसैको व्यक्तिगत खातामा भुक्तानी दिने वा लिने गरेको पाइएमा वा प्रचलित कानुनबमोजिम बाहेक व्यक्तिगत बचत खातालाई व्यावसायिक कारोबारको माध्यम बनाइएको पाइएमा शङ्कास्पद कारोबारको रूपमा सोको जानकारी वित्तीय जानकारी इकाइलाई दिनुपर्नेछ । ग्राहक पहिचान तथा सोको सम्पुष्टि गर्दा लिनुपर्ने कागजात र विवरणमा राष्ट्रिय परिचयपत्र नम्बर र यसको जारी मितिलाई समेत थप गरिएको छ ।


यसै गरी, 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाको निम्ति जारी 'एकीकृत निर्देशन, २०७९' मा पनि संशोधन तथा परिमार्जन भएको छ । संशोधनपश्चात् पुस २३ गते जारी परिपत्रअनुसार लघुवित्त वित्तीय संस्थाहरूले नेपाल वित्तीय प्रतिवेदनमान (एनएफआरएस) अनुसार वित्तीय विवरण तयार गर्नुपर्नेछ । नेपाल वित्तीय प्रतिवेदनमानले समावेश नगरेका क्षेत्रमा अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमान (आईएफआरएस) लाई आधारको रूपमा लिनुपर्नेछ ।

यस्तै, पुस २५ गते जारी परिपत्रअनुसार लघुवित्त संस्थाले २०८१ माघ १ गतेदेखि राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणको पहुँचका आधारमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बरको विवरण यकिन गरी अनिवार्य रूपमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बरका आधारमा खाता खोल्ने व्यवस्था मिलाउनुपर्नेछ । संस्थाले राष्ट्रिय परिचय र परिचयपत्र नम्बरको प्रयोगका सम्बन्धमा अवलम्बन गर्नुपर्ने विभिन्न नीतिगत व्यवस्थालाई उक्त परिपत्रमा समेटिएको छ । ■

# लघुवित्त संस्थाको निम्ति मार्गदर्शन जारी

लघुवित्त वित्तीय संस्थालाई थप व्यवस्थित र सुदृढ बनाउनुपर्ने आश्यकतालाई मध्यनजर राख्दै नेपाल राष्ट्र बैंकले ती संस्थाको निम्ति 'सञ्चालन मार्गदर्शन, २०८१' जारी गरेको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागद्वारा पुस २३ गते जारी गरिएको उक्त मार्गदर्शनमा कर्जा व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, कर्मचारी प्रशासन, ग्राहक हित संरक्षण, ग्राहक संरक्षण कोषलगायतका विषयलाई समेटिएको छ । लघुवित्त क्षेत्रका समस्या र समाधानका उपायबारे अध्ययन गर्न गठित समितिको सुझावलाई समेटेर लघुवित्त संस्थालाई सामाजिक बैंकिङको अवधारणासमेतका आधारमा सञ्चालन गर्न उक्त मार्गदर्शन जारी गरिएको विभागले जनाएको छ ।


नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको संचालन मार्गदर्शन

बैंक तथा वित्तीय संस्था नियमन विभाग

२०८१, पुस

कर्जासम्बन्धी मार्गदर्शनअन्तर्गत कर्जा विश्लेषण, कर्जा सदुपयोगिताको अनुगमन र कर्जा असुली नीतिको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, समूहको सदस्य स्वयम्ले ऋणबापतको रकम प्राप्त गरे नगरेकोबारे नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ । कम्तीमा अर्धवार्षिक रूपमा कर्जा सदुपयोगिताबारे अनुगमन गर्न र कर्जा असुलीका लागि कठोर विधि नअपनाउन निर्देशन दिइएको छ । ऋणीलाई धम्कीपूर्ण वा अपमानजनक भाषा प्रयोग गर्न नहुने, ऋणी वा परिवारको सम्पत्ति वा मान प्रतिष्ठामा हानि पुग्नेगरी हिंसाको धम्की दिन नहुने मार्गदर्शनमा उल्लेख छ ।

आन्तरिक लेखापरीक्षणको प्रभावकारिता, सूचना प्रणालीको पूर्वाधार, सुरक्षा जोखिम नियन्त्रण प्रणालीका आधारमा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन पनि राष्ट्र बैंकले मार्गदर्शनमार्फत लघुवित्त संस्थाहरूलाई निर्देशन दिएको छ ।

यसै गरी, कर्मचारी प्रशासनसम्बन्धी मार्गदर्शनमा श्रम ऐन, २०७४ बमोजिम कर्मचारीको न्यूनतम पारिश्रमिक निर्धारण गरिनुपर्ने, कर्मचारीको नियुक्ति, तालिम, पदोन्नति र कारबाहीका प्रक्रियालाई व्यवस्थित बनाउनुपर्ने उल्लेख छ । संस्थाका ग्राहकको हित संरक्षणलाई मध्यनजर गर्दै ग्राहकलाई सम्मानजनक व्यवहार, हित संरक्षण, वित्तीय साक्षरताको प्रवर्द्धन, गुनासो सुनुवाइ र विवाद व्यवस्थापनलाई प्रभावकारी बनाउन समेत निर्देशन दिइएको छ ।

ग्राहकको हितमा खर्च गर्नेगरी अलग्गै ग्राहक संरक्षण कोष खडा गर्नुपर्ने, त्यस्तो कोष सञ्चालनसम्बन्धी कार्यविधि तयार गर्नुपर्ने, कोषको लेखापरीक्षण र वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने समेत मार्गदर्शनमा उल्लेख छ । ■

# लघुवित्त संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूसँग अन्तरक्रिया

लघुवित्त संस्था सुपरिवेक्षण विभागले पुस २१ गते काठमाडौंमा लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशनको अनुपालना र सुपरिवेक्षणमा देखिएका चुनौतीलगायत समसामयिक विषयमा केन्द्रित रहेर उक्त कार्यशाला आयोजना गरिएको थियो ।

सो अवसरमा वरिष्ठ डेपुटी गभर्नर तिम्सिनाले लघुवित्त संस्थामा संस्थागत सुशासन सुदृढ हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । संस्थाको सुशासनमा प्रमुख कार्यकारी अधिकृतको महत्त्वपूर्ण जिम्मेवारी हुने उल्लेख गर्दै उहाँले प्रभावकारी ग्राहक संरक्षणका सन्दर्भमा सहभागीको ध्यानाकर्षण गराउनुभयो ।




कार्यक्रममा विभागका निर्देशक चेतप्रसाद उप्रेतीले बैंकबाट जारी निर्देशनको अनुपालना र सुपरिवेक्षणमा देखिएका कैफियत र आगामी चुनौतीलगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्दै लघुवित्त संस्था स्थापनाको उद्देश्य, वर्तमान स्थिति, लघुवित्त संस्थाको योगदान र भावी दिशाबारे चर्चा गर्नुभयो । विभागका कार्यकारी निर्देशक विमलराज खनाल, निर्देशकद्वय उप्रेती र डिलाराम सुवेदीले सहभागीका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

सो अवसरमा कार्यकारी निर्देशक खनालले स्वागत मन्तव्य राख्दै गोष्ठीको औचित्यबारे प्रकाश पार्नुभयो भने उप-निर्देशक बद्रीनाथ नेपालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# जोखिममा आधारित आन्तरिक लेखापरीक्षणसम्बन्धी अन्तरक्रिया

आन्तरिक लेखापरीक्षण विभागले पुस २६ गते काठमाडौंमा जोखिममा आधारित आन्तरिक लेखापरीक्षणका क्रममा देखिएका समस्या तथा चुनौती एवं अन्तर्राष्ट्रिय असल अभ्यासका विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

नेपाल राष्ट्र बैंक सञ्चालक समितिका सदस्य एवम् लेखापरीक्षण समितिका संयोजक डा. शंकरप्रसाद आचार्य र सदस्य रामुप्रसाद डोटेलको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा आन्तरिक लेखापरीक्षण विभागका निर्देशक अजित रेग्मीले 'जोखिममा आधारित आन्तरिक लेखापरीक्षणका क्रममा देखिएका समस्या तथा चुनौती र अन्तर्राष्ट्रिय असल अभ्यास' र उप-निर्देशक केदारप्रसाद पोखरेलले प्रस्तावित 'Internal Audit Standards' कार्यविधिको मस्यौदाका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।



सो अवसरमा लेखापरीक्षण समितिका संयोजक आचार्यले जोखिममा आधारित लेखापरीक्षणका क्रममा विश्वव्यापी मान्यतालाई अनुशरण गर्नुपर्ने उल्लेख गर्दै सामान्य प्रकृतिका जोखिमसम्बन्धी कैफियतलाई कार्यस्थलमै समाधान गरिनुपर्ने आवश्यकतामा जोड दिनुभयो । समितिका सदस्य रामुप्रसाद डोटेलले संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले तयार गरेको जोखिम प्रोपाइललाई समेत आधार मानेर जोखिमको मूल्याङ्कन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । सो अवसरमा विभागका कार्यकारी निर्देशक नरेश शाक्यले लेखापरीक्षण कार्यलाई प्रभावकारी र समयसापेक्ष बनाउनका निम्ति आन्तरिक लेखापरीक्षण विभागका कर्मचारीलाई नियमित रूपमा अन्तर्राष्ट्रियस्तरको जोखिममा आधारित तालिमको व्यवस्था हुनुपर्ने धारणा राख्नुभयो । कार्यक्रममा विभागका ३१ जना कर्मचारीको सहभागिता थियो ।

सो अवसरमा विभागका निर्देशक अशोक घिमिरेले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने उप-निर्देशक दीपेन्द्रप्रसाद पोखरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

## कर्णाली डेभलपमेन्ट बैंक 'समस्याग्रस्त संस्था' घोषणा

# व्यवस्थापन राष्ट्र बैंकको नियन्त्रणमा

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था कर्णाली डेभलपमेन्ट बैंक लिमिटेड, नेपालगञ्ज, बाँकेलाई 'समस्याग्रस्त संस्था' घोषणा गरिएको छ।

नेपाल राष्ट्र बैंक सञ्चालक समितिको पुस १० मा बसेको बैठकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ख बमोजिम उक्त संस्थालाई 'समस्याग्रस्त संस्था' घोषणा गर्ने निर्णय गरेको हो। साथै, अर्को व्यवस्था नभएसम्मका लागि ऐनको दफा ८६ग बमोजिम कर्णाली विकास बैंक लिमिटेडको व्यवस्थापन नेपाल राष्ट्र बैंकको नियन्त्रणमा लिइएको छ।

उक्त संस्था सञ्चालनका निम्ति बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक टीकाराम खतिवडाको संयोजकत्वमा तीन सदस्यीय व्यवस्थापन समूह गठन गरिएको छ। समूहमा वित्तीय संस्था सुपरिवेक्षण विभागका उप-निर्देशक विष्णुकुमार विश्वकर्मा र कानुन महाशाखाका उप-निर्देशक जुगल किशोर कुशवाहालाई सदस्य तोकिएको छ। समूहले मिति २०८१ पुस ११ देखि नै उक्त संस्थाको तोकिएको जिम्मेवारी सम्हाल्नेछ।

नेपाल राष्ट्र बैंकको उक्त व्यवस्थापन समूहलाई तोकिएको कार्यदिशसहित नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ लगायतका प्रचलित कानुनको अधीनमा रही सञ्चालक समिति र संस्थाको विशेष साधारणसभाको समेत काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने अख्तियारी दिइएको छ। व्यवस्थापन समूहलाई सर्वसाधारणको हित संरक्षणलाई केन्द्रित गर्दै बचतकर्ताको बचत भुक्तानी र संस्थाको ऋण असुलीलाई प्राथमिकता दिई कार्य गर्ने, संस्थाको ड्यु डिलिजेन्स अडिट, सम्पन्न गराउन आवश्यक कार्य गर्ने, संस्थामा भएका वित्तीय अपचलनउपर आवश्यक छानबिन गरी कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउने लगायतका अख्तियारी प्रदान गरिएको छ।

कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडले यस बैंकले तोकेको न्यूनतम पुँजीकोष अनुपात कायम नगरेको, संस्थागत सुशासनको अवस्था कमजोर भएको, आर्थिक हिनामिनाको आशङ्का भएको, कमजोर तरलता स्थितिसँगै संस्थाले भुक्तानी गर्नुपर्ने निक्षेप दायित्व पूरा गर्न नसक्नुका साथै संस्थाबाट प्राप्त वित्तीय अपचलनको जानकारीसमेतका आधारमा संस्थालाई यथास्थितिमा सञ्चालन हुन दिँदा निक्षेपकर्ताको हित सुरक्षित नहुने र बैंकिङ प्रणालीप्रति अविश्वास सिर्जना हुने अवस्था देखिएकोले सर्वसाधारणको हित कायम गर्न संस्थालाई समस्याग्रस्त घोषणा गरी यस बैंकको नियन्त्रणमा लिइएको हो।

उक्त बैंकले तोकेबमोजिमको न्यूनतम पुँजीकोष अनुपात कायम नभएको, निष्क्रिय कर्जा अनुपात ४०.८५ प्रतिशत रहेको लगायतका कारणले संस्थाको वित्तीय अवस्था समस्याउन्मुख देखिएको हुँदा उक्त संस्थालाई 'नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारबाहीसम्बन्धी विनियमावली, २०७४' को विनियम ३ बमोजिम मिति २०८१ मङ्सिर ११ देखि लागु हुनेगरी शीघ्र सुधारात्मक कारबाही गरिएको थियो। ■

# केन्द्रीय बैंक सञ्चार र सूचनाको हकसम्बन्धी अनुशिक्षण



गभर्नरको कार्यालयले पुस ७ गते काठमाडौंमा 'केन्द्रीय बैंक सञ्चार र सूचनाको हकसम्बन्धी अनुशिक्षण' कार्यक्रम आयोजना गर्‍यो।

राष्ट्रिय सूचना आयोगका आयुक्त दुर्गा भण्डारी पौडेलको उपस्थितिमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा प्रदेशस्थित कार्यालयका सूचना अधिकारी, विभिन्न विभाग/कार्यालयका सूचनाको हकसम्बन्धी सम्पर्क अधिकारी र वाणिज्य बैंकका सूचना अधिकारीहरूको सहभागिता थियो।

सो अवसरमा आयुक्त भण्डारीले सूचनाको हकको विश्वव्यापी अभ्यास, नेपालमा यसको संवैधानिक र कानुनी व्यवस्था, सूचनाको हकको कार्यान्वयन स्थिति, कार्यान्वयनमा देखिएका समस्या, चुनौती र सुधारका कार्यदिशाबारे कार्यपत्र प्रस्तुत गर्नुभयो। यसै गरी, बैंकका सूचना अधिकारी एवम् गभर्नरको कार्यालयका निर्देशक डा. डिल्लीराम पोखेलले नेपाल राष्ट्र बैंकमा सूचना र सञ्चारसम्बन्धी अभ्यासबारे कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले केन्द्रीय बैंक सञ्चारको महत्त्व, नेपाल राष्ट्र बैंकको सूचना तथा सञ्चार नीति, बैंकमा यससम्बन्धी अभ्यास, सूचनाको हक सम्बन्धमा बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको व्यवस्था, समस्या, चुनौती र सुधारका सम्भावनाबारे चर्चा गर्नुभयो।

कार्यक्रममा बैंकका प्रवक्ता एवम् बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रामु पौडेलले सूचनाको हकसम्बन्धी संवैधानिक, कानुनी र नीतिगत व्यवस्थाको अधीनमा रहेर यसको कार्यान्वयन गर्न वाणिज्य बैंकहरूलाई आग्रह गर्नुभयो। सो अवसरमा वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाका निर्देशक हिमप्रसाद न्यौपानेले सूचनाको हक र ग्राहकको गुनासो व्यवस्थापनका सम्बन्धमा धारणा राख्नुभयो। कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले समापन मन्तव्य राख्नुभएको थियो।

उप-निर्देशक डा. भागवत आचार्यले कार्यक्रममा छलफलको सहजीकरण गर्नुभएको थियो। साथै उहाँले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो। कार्यक्रम सञ्चालन सहायक निर्देशक सविन ओलीले गर्नुभएको थियो। ■

# जोखिममा आधारित आन्तरिक लेखापरीक्षणसम्बन्धी अनुशिक्षण



आन्तरिक लेखापरीक्षण विभागले पुस १२ गते सिद्धार्थनगरमा 'जोखिममा आधारित आन्तरिक लेखापरीक्षण' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

विभागका कार्यकारी निर्देशक नरेश शाक्यको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा आन्तरिक लेखापरीक्षण विभाग र सिद्धार्थनगर कार्यालयका ३३ जना कर्मचारीको सहभागिता थियो ।

सो अवसरमा विभागका निर्देशक अशोक घिमिरेले आन्तरिक लेखापरीक्षणका क्रममा देखिएका कैफियतका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । उप-निर्देशक टेकेन्द्र भट्टराईले 'Risk Based Internal Audit (RBIA) Overview' / 'Three Lines of Defence, Audit Planning, Strategy and Reporting' विषयमा दुई वटा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा कार्यकारी निर्देशक शाक्यले सहभागीलाई धन्यवाद दिँदै समापन मन्तव्य राख्नुभयो ।

सो अवसरमा सिद्धार्थनगर कार्यालयका निर्देशक विज्ञानराज सुवेदीले स्वागत मन्तव्य राख्नुभयो भने उप-निर्देशक दीपेन्द्रप्रसाद पोखरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# विराटनगरमा सरकारी कारोबारसम्बन्धी अनुशिक्षण

विराटनगर कार्यालयले पुस ७ गते 'प्रदेश सरकारको सरकारी कारोबार सञ्चालन तथा व्यवस्थापन र हिसाबमिलान' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।



कोशी प्रदेशस्थित सरकारी कारोबार गर्ने वाणिज्य बैंक, प्रदेश लेखा नियन्त्रक कार्यालय र विराटनगर कार्यालयका कर्मचारीको सहभागितामा उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा बैंकिङ विभागका सहायक निर्देशक गणेश विष्टले 'सरकारी कारोबारको हिसाब मिलान' विषयमा वार्ता प्रस्तुत गर्दै 'सरकारी कारोबार निर्देशिका, २०७६ (दोस्रो संशोधन, २०८१)', प्रदेश सरकारको खाता सञ्चालन तथा व्यवस्थापन र हिसाबमिलानका विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

सो अवसरमा प्रदेश लेखा नियन्त्रक कार्यालयका वरिष्ठ लेखा अधिकृत ऋषिकुमार खनालले 'सरकारी कारोबार (राजस्व तथा खर्च) को लेखाप्रणाली तथा व्यवस्थापन' विषयमा वार्ता प्रस्तुत गर्दै राजस्व व्यवस्थापन सूचना प्रणाली, स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली, राजस्व बाँडफाँड, प्रदेश सरकारको बैंकसँगको हिसाबमिलान र खाताबन्दी प्रक्रियाका साथै हिसाबमिलानमा ध्यान दिनुपर्ने पक्षबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा कार्यालयका निर्देशक बुद्धराज शर्माले उक्त कार्यक्रमको आयोजनाबाट आगामी दिनमा प्रदेश सरकारको खाता सञ्चालन र हिसाबमिलान सहज हुने विश्वास व्यक्त गर्नुभयो । उप-निर्देशक दिलबहादुर सुब्बाले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक रेम्बोकुमार पंडितले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# पोखरामा लेखा निर्देशिकासम्बन्धी अनुशिक्षण




वित्त व्यवस्थापन विभागले पुस १२ गते पोखरामा 'नेपाल राष्ट्र बैंक लेखा निर्देशिका, २०८०' विषयक अनुशिक्षण कार्यक्रम सम्पन्न गर्‍यो ।

विभागका कार्यकारी निर्देशक रामप्रसाद गौतमको अध्यक्षतामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा विभागका उप-निर्देशक राजु पौडेलले निर्देशिकाको भाग ३ र ४ र सहायक निर्देशक तृष्णा अधिकारीले भाग १ र २ मा उल्लिखित व्यवस्थाबारे वार्ता प्रस्तुत गर्नुभयो ।

सो अवसरमा निर्देशक गौतमले आर्थिक कारोबारको लेखाङ्कनका क्रममा देखिएका समस्याको समाधान र विद्यमान लेखा निर्देशिकामा समयानुकूल संशोधनको उद्देश्यले उक्त कार्यक्रम आयोजना गरेको उल्लेख गर्दै बैंकका कर्मचारीहरू मौजुदा लेखा निर्देशिकाबारे अद्यावधिक हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रममा विभागका निर्देशक मीना पाण्डेले बैंकको लेखा निर्देशिका परिवर्तनशील दस्तावेज भएकोले सूचना प्रविधिमा हुने विकाससँगै यसमा पनि परिमार्जन गर्दै लैजानुपर्ने धारणा राख्नुभयो । सो अवसरमा पोखरा कार्यालयका निर्देशक विना ढकाल पौडेलले महत्त्वपूर्ण विषयमा अनुशिक्षण कार्यक्रम सञ्चालन भएको उल्लेख गर्दै पारदर्शिता र स्रोत साधनको अधिकतम उपयोगका लागि लेखाङ्कनसम्बन्धी ज्ञान महत्त्वपूर्ण हुने बताउनुभयो ।

कार्यक्रममा आयोजक विभागसँगै सम्पत्ति तथा सेवा व्यवस्थापन, सूचना प्रविधि विभाग, आन्तरिक लेखापरीक्षण, विदेशी विनिमय व्यवस्थापन, मुद्रा व्यवस्थापन, बैंकिङ, संस्थागत योजना तथा जोखिम व्यवस्थापन, मौद्रिक व्यवस्थापन विभाग, वित्तीय जानकारी इकाइ, पोखरा कार्यालय र वीरगञ्ज कार्यालयका २८ जना कर्मचारीको सहभागिता थियो । ■

# धनगढीमा सरकारी कारोबारसम्बन्धी गोष्ठी




धनगढी कार्यालयले मङ्सिर २१ गते सरकारी कारोबारका सम्बन्धमा गोष्ठी आयोजना गर्‍यो । बैंकिङ विभागका कार्यकारी निर्देशक विश्रुत थापाको उपस्थितिमा आयोजित गोष्ठीमा सुदूरपश्चिम प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा इकाइ कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, राष्ट्रिय वाणिज्य बैंक, नेपाल इन्भेष्टमेन्ट मेगा बैंकलगायतका संस्थाका ४५ जनाको सहभागिता थियो ।

सो अवसरमा बैंकिङ विभागका निर्देशक गोविन्दप्रसाद नागिलाले प्रदेश सरकारी कारोबार सञ्चालन तथा व्यवस्थापनका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले प्रदेश सरकारको खाता सञ्चालन विधि, सरकारी कारोबार सञ्चालन र व्यवस्थापनका विद्यमान व्यवस्था, लेखाङ्कन तथा हिसाबमिलान विधिबारे जानकारी दिनुभयो । प्रदेश लेखा नियन्त्रक कार्यालय, धनगढीका कोष नियन्त्रक वासुदेव जोशीले सुदूरपश्चिम सरकारको राजस्व र खर्चको स्थितिबारे कार्यपत्र प्रस्तुत गर्दै सरकारी कारोबारसम्बन्धी ऐन, नियम, बजेट तथा राजस्वसँग सम्बन्धित सफ्टवेयर, प्रदेश सरकारको राजस्व आम्दानी र खर्चको अवस्था, सञ्चित कोष र राजस्व शीर्षक, राजस्व अधिकारको बाँडफाँडका विषयमा चर्चा गर्नुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक थापाले सरकारी कारोबार निर्देशिका, २०७६ संशोधनको क्रममा रहेको उल्लेख गर्दै सरकारी कारोबारलाई प्रभावकारी बनाउनका लागि सरोकारवाला निकायबीच समन्वय हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । सो अवसरमा कार्यालयका निर्देशक सुबास आचार्यले समापन मन्तव्य राख्दै समयमै सरकारी कारोबारको हिसाबमिलान गर्नुपर्ने आवश्यकता जोड दिनुभयो ।

सो अवसरमा कार्यालयका उप-निर्देशक सुधा दुलाल आचार्यले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक यमबहादुर शाहले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# वित्तीय संस्थाको जोखिम र कर्जाको गुणस्तरसम्बन्धी अन्तरक्रिया

वित्तीय संस्था सुपरिवेक्षण विभागले मङ्सिर १३ गते विराटनगरमा विकास बैंक र वित्त कम्पनीको जोखिम तथा कर्जाको गुणस्तर व्यवस्थापनका विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा विराटनगर कार्यालयका निर्देशक बुद्धराज शर्मा, मधेश र कोशी प्रदेशस्थित विकास बैंक र वित्त कम्पनीका प्रमुख कार्यकारी अधिकृत, प्रदेश प्रमुख, अन्य प्रतिनिधि र विभागका कर्मचारीको सहभागिता थियो ।



कार्यक्रममा विभागका उप-निर्देशक अमृतबहादुर बुढाथोकीले बैंक तथा वित्तीय संस्थाको विद्यमान जोखिमको स्थिति र सोको व्यवस्थापनका विषयमा कार्यपत्र प्रस्तुत गर्दै विभागको सुपरिवेक्षकीय दायरामा रहेका संस्थाका जोखिमको स्तर र व्यवस्थापनको अभ्यासबारे चर्चा गर्नुभयो । यसै गरी, सहायक निर्देशक अपिल सुवेदीले कर्जाको गुणस्तर व्यवस्थापनका विषयमा वार्ता प्रस्तुत गर्दै बैंक तथा वित्तीय संस्थामा कर्जाको गुणस्तर खस्कँदै जानुका कारण, गुणस्तर कायम गर्ने चुनौती र कर्जा व्यवस्थापनका विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

सो अवसरमा एक्सेल डेभलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत डा. इन्द्रकुमार कट्टेलले वित्तीय संस्थाको कर्जा गुणस्तर र जोखिम व्यवस्थापनका विषयमा धारणा राख्नुभयो । विराटनगर कार्यालयका निर्देशक शर्माले कोशी प्रदेशमा कृषि तथा तुलनात्मक लाभका क्षेत्रमा लगानीको सम्भावना रहेको उल्लेख गर्दै यी क्षेत्रमा लगानी बढाउन वित्तीय संस्थाहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक पंगेनीले समापन मन्तव्य राख्दै बैंकिङ व्यवसायमा उत्पन्न जोखिमको उचित व्यवस्थापन गरी सञ्चालक समितिले कर्जाको गुणस्तर र संस्थागत सुशासन कायम राख्ने आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नुपर्ने धारणा राख्नुभयो । बैंक तथा वित्तीय संस्थाले तरलता, बजार तथा सञ्चालन जोखिम व्यवस्थापनलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो ।

सो अवसरमा विभागका उप-निर्देशक ऋषिराम बरालले स्वागत मन्तव्य राख्नुभयो भने अर्का उप-निर्देशक निरज अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# आयकर गणना र करकट्टी व्यवस्थासम्बन्धी अन्तरक्रिया

वित्त व्यवस्थापन विभागले पुस २५ गते काठमाडौंमा नेपाल राष्ट्र बैंकका कर्मचारीको आयकर गणना र करकट्टी व्यवस्था विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा बैंकको विभिन्न विभाग/कार्यालयका ३८ जना कर्मचारीको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा आयकर गणनाका सम्बन्धमा कार्यक्रममा दुई वटा वार्ता प्रस्तुत गरिएको थियो । त्यस क्रममा विभागका उप-निर्देशक राजु पौडेलले कर्मचारीको आयकर गणना र कर छुटबारे आयकर ऐनमा भएका व्यवस्थाबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, सहायक निर्देशकद्वय बालकुमार थापा र विनु लुइँटेलले बैंकका कर्मचारीको आयकर गणना विधि र करकट्टी तथा ई-टीडीएससम्बन्धी व्यवस्थाबारे कार्यपत्र प्रस्तुत गर्नुभयो ।




कार्यक्रममा आन्तरिक लेखापरीक्षण विभागका कार्यकारी निर्देशक नरेश शाक्यले स्वचालित प्रविधिको अभावमा बैंकका बहालवाला र अवकाशप्राप्त कर्मचारीको आय र आयकर गणना जटिल बनेको उल्लेख गर्दै यसका लागि तलब र पेन्सनसम्बन्धी स्वचालित प्रणालीको विकास गर्न ढिला गर्न नहुने धारणा राख्नुभयो । वित्त व्यवस्थापन विभागका कार्यकारी निर्देशक गौतमले सबै विभाग/कार्यालयले विभागीय खरिद कार्यको स्रोतमा करकट्टी गर्नुपर्ने र कट्टी गरिएको अग्रिम कर दाखिला समेत गर्नुपर्ने भएकोले त्यसप्रति सजग रहन सहभागीलाई आग्रह गर्नुभयो ।

सो अवसरमा विभागका निर्देशक इन्द्रा चम्लागाईं मैनालीले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने उप-निर्देशक रामकाजी खाइजूले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# वीरगञ्जमा समसामयिक आर्थिक तथा बैंकिङ विषयमा अन्तरक्रिया

वीरगञ्ज कार्यालयले पुस १२ गते 'समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

बैंक तथा वित्तीय संस्थाका प्रदेश/शाखा प्रमुख, वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष, विभिन्न क्याम्पसका प्राध्यापक, उद्योगी, व्यवसायी र अन्य सरोकारवाला निकायका प्रतिनिधिको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो।

कार्यालयका निर्देशक शरणकुमार अधिकारीको अध्यक्षतामा आयोजित कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका निर्देशक सुदिप फुयालले बैंक तथा वित्तीय संस्थाको सुपरिवेक्षण, बैंकिङ गतिविधि र अन्य समसामयिक विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो भने आर्थिक अनुसन्धान विभागका निर्देशक सत्येन्द्रराज सुवेदीले वित्तीय स्थायित्व, आर्थिक स्थायित्व र यसमा मौद्रिक नीतिको भूमिकाबारे जानकारी दिनुभयो।




कार्यक्रममा निर्देशक अधिकारीले समापन मन्तव्य राख्दै पर्सा जिल्लाको आर्थिक र बैंकिङ क्षेत्रका तथ्याङ्कमाथि प्रकाश पार्नुभयो। सो अवसरमा कार्यालयका उप-निर्देशक राजकुमार खत्रीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक इसान वलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# प्रदेशस्थित कार्यालयहरूमा समसामयिक विषयमा अन्तरक्रिया

नेपाल राष्ट्र बैंकको प्रदेशस्थित कार्यालयहरूले पुस महिनामा सामसामयिक आर्थिक तथा बैंकिङ विषयमा केन्द्रित रहेर अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेका छन्। यसै क्रममा नेपालगञ्ज कार्यालयले पुस ८ गते समसामयिक आर्थिक तथा बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो। बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो।

निर्देशक देवेन्द्र गौतमको संयोजकत्वमा आयोजित कार्यक्रममा सफा नोट नीति कार्यान्वयनमा देखिएका समस्या, गुनासो व्यवस्थापन, सूचना अधिकारीसम्बन्धी व्यवस्था, विदेशी मुद्राको व्यवस्थापन, संस्थागत सामाजिक उत्तरदायित्व, वित्तीय साक्षरता कार्यक्रमलगायतका समसामयिक विषयमा छलफल भएको थियो।

सो अवसरमा कार्यालयका उप-निर्देशक लवली श्रीवास्तवले स्वागत मन्तव्य राख्नुभयो भने सहायक आश्रित ओझाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।



यसै गरी, विराटनगर कार्यालयमा पुस २१ गते समसामयिक आर्थिक तथा बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। कार्यालयका निर्देशक बुद्धराज शर्माको अध्यक्षतामा आयोजित कार्यक्रममा कोशी प्रदेशस्थित वाणिज्य बैंकका प्रदेश प्रमुख, सो प्रदेशमा केन्द्रीय कार्यालय रहेका विकास बैंकका प्रमुख कार्यकारी अधिकृत, स्नातकोत्तर क्याम्पस, विराटनगरका प्राध्यापक, नेपाल उद्योग वाणिज्य संघ, कोशी प्रदेश र उद्योग सङ्गठन, मोरङका प्रतिनिधिको सहभागिता थियो।

कार्यक्रममा उप-निर्देशक अच्युतकुमार थापाले कोशी प्रदेशका आर्थिक तथा वित्तीय तथ्याङ्कलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो।

कार्यक्रममा सहभागीले कर्जा लगानी र असुलीमा देखापरेका समस्या, निष्क्रिय कर्जाको स्थितिलगायतका विषयमा धारणा राखेका थिए।

कार्यक्रममा निर्देशक शर्माले कार्यक्रममा उठेका विषयवस्तुबारे धारणा राख्दै अर्थतन्त्र र बैंकिङ क्षेत्रमा देखिएका समस्याको समाधानका निम्ति सबैले आ-आफ्नो क्षेत्रबाट प्रयास गर्नुपर्ने बताउनुभयो। कार्यालयका सहायक निर्देशक दीपिका उप्रेतीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

सुर्खेत कार्यालयले पुस २१ गते वीरेन्द्रनगरमा समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवाला निकायका प्रदेश प्रमुख, शाखा प्रमुख र प्रतिनिधिको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो। सो अवसरमा सहभागीहरूबीच हाल बैंक तथा वित्तीय संस्थामा निक्षेप सङ्कलन र कर्जा प्रवाहको स्थिति, कर्जा असुलीको अवस्था र कर्जाको गुणस्तर, कर्णाली प्रदेशमा डिजिटल भुक्तानीको अवस्था, विद्युतीय कारोबारमा हुने जोखिम, चेक अनादर लगायतका समसामयिक विषयमा छलफल भएको थियो।

कार्यक्रममा सुर्खेत कार्यालयका प्रमुख बाबुराम कोइरालाले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक सागर मालाकारले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

वीरगञ्ज कार्यालयले पुस २२ गते मनिचेञ्जर सञ्चालकहरूसँग समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

कार्यालयका निर्देशक शरणकुमार अधिकारीको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा बारा र पर्सा जिल्लास्थित मनिचेञ्जर कम्पनीका सञ्चालक र प्रतिनिधिहरूको सहभागिता थियो। कार्यक्रममा सहायक निर्देशक दिनेशप्रसाद साहले मनिचेञ्जरहरूको स्थलगत निरीक्षणका क्रममा देखिएका मुख्य कैफियतहरूबारे प्रस्तुति दिनुभयो। प्रस्तुतिपश्चात् सहभागीहरूबीच छलफल भएको थियो।

कार्यक्रममा निर्देशक अधिकारी र बैंकिङ इकाइका उप-निर्देशक पुष्कर सुर्खालीले सहभागीका जिज्ञासाउपर जवाफ दिनुभएको थियो।

यसै गरी, पोखरा कार्यालयले पुस २५ गते बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवालाको सहभागितामा समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डेको प्रमुख आतिथ्यमा आयोजित कास्की जिल्लास्थित मालपोत कार्यालय, नापी कार्यालय, यातायात व्यवस्था कार्यालय, पोखरा महानगरपालिका, जिल्ला प्रहरी कार्यालयका कार्यालय प्रमुख तथा अधिकृत, विभिन्न बैंक तथा वित्तीय संस्थासम्बद्ध एसोसिएसनका पदाधिकारीको सहभागिता थियो।

सो अवसरमा बैंकर्स एसोसिएसन, गण्डकी च्याप्टरका संयोजक हरि ढकालले विभिन्न सरकारी निकायसँग बैंक तथा वित्तीय संस्थाको सम्बन्ध, अपेक्षा र चुनौतीबारे प्रस्तुति दिनुभयो। सोपश्चात् सहभागीहरूबीच समसामयिक विषयमा छलफल भएको थियो।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी पाण्डेले कार्यक्रममा उठेका विषयवस्तुलाई सम्बोधन गर्दै मन्तव्य राख्नुभयो। पोखरा कार्यालयका निर्देशक विना ढकाल पौडेलले समापन मन्तव्य राख्दै कार्यक्रम फलदायी रहेको धारणा राख्नुभयो।

सो अवसरमा कार्यालयका उप-निर्देशक सुदीप त्रिपाठीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने कार्यालयका सहायक निर्देशक विजया गौतमले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

धनगढी कार्यालयले पुस २६ गते समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम कार्यालयको सभाहलमा सम्पन्न गऱ्यो।

धनगढी कार्यालयका निर्देशक सुबास आचार्यको उपस्थितिमा आयोजित कार्यक्रममा सुदूरपश्चिम प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रादेशिक/शाखा प्रमुखहरूको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा का.मु. उप-निर्देशक भोजराज भट्टले अर्थतन्त्रका समग्र आर्थिक परिसूचकहरूको वर्तमान अवस्था, प्रादेशिक आर्थिक तथ्याङ्क सम्बन्धी विश्लेषण, सर्वसाधारणबाट बैंक तथा वित्तीय संस्थाका सम्बन्धमा प्राप्त हुने गुनासोका विषयमा प्रस्तुति दिनुभयो। यस क्रममा कार्यालयले "बैंक तथा वित्तीय संस्थाहरूको संस्थागत सामाजिक उत्तरदायित्व कोष परिचालन" विषयमा गर्न लागेको विशेष अध्ययनका लागि तथ्याङ्क सङ्कलनार्थ तयार गरेको अनुसूची सम्बन्धमा जानकारीसमेत गराउनुभएको थियो।

अन्तरक्रियाका क्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूले बढ्दै गएको निष्कृय कर्जा अनुपातका सम्बन्धमा चिन्ता व्यक्त गर्दै कर्जाको किस्ता समयमा नै प्राप्त गर्नु चुनौतीपुर्ण रहेको चर्चा गर्नुभएको थियो। यसै








गरी बैंकर्स एसोसियसन नेपाल सुदूरपश्चिम च्याप्टरका संयोजक पुकार सुवेदीले कर्जा असुली प्रक्रियामा सम्बन्धित निकायहरूबाट आवश्यक सहयोग सहजरुपमा प्राप्त गर्न नसकेको गुनासो राख्नुभएको थियो ।

कार्यक्रममा समापन मन्तव्य राख्दै निर्देशक सुबास आचार्यले देशको वर्तमान आर्थिक अवस्था, बैंकिङ क्षेत्रका जोखिम, बढ्दो निष्कृय कर्जा अनुपात सम्बन्धमा आवश्यक तथ्यगत विश्लेषण गर्दै वर्तमान अवस्थामा बैंकिङ क्षेत्रले विवेकपूर्ण रुपमा काम गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा का.मु. उप-निर्देशक ध्रुव कार्कीले स्वागत मन्तव्य राख्नुभएको थियो भने प्रधान सहायक पार्वती भट्ट पन्तले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# विराटनगरमा विदेशी विनिमय कारोबारसम्बन्धी अन्तरक्रिया



विदेशी विनिमय व्यवस्थापन विभागले पुस २६ गते “विदेशी मुद्रा स्वीकार गर्ने इजाजतपत्रप्राप्त संस्थाका प्रतिनिधिसँग नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोबार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ तथा एकीकृत परिपत्रमा उल्लेख भएका व्यवस्थाहरू” सम्बन्धमा विराटनगरमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । यस बैंकबाट विदेशी विनिमयको कारोबार गर्न इजाजत प्राप्त गरेका मनिचेञ्जर, होटल, रिसोर्ट, ट्राभल एजेन्सी, ट्रेकिङ एजेन्सी, क्यासिनो लगायतका फर्म, कम्पनी तथा संस्थाहरूको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले कार्यक्रमको उद्देश्य तथा औचित्यमाथि प्रकाश पार्दै स्वदेशी नागरिकको लागि आवश्यक पर्ने विदेशी मुद्रा तथा विदेशी पर्यटकको लागि आवश्यक पर्ने नेपाली मुद्राको खरिद/बिक्री सम्बन्धी लेखांकन व्यवस्था र प्रचलित कानूनी व्यवस्थाको पालनामा जोड दिनुभयो । उक्त कार्यक्रममा विभागबाट दुईवटा कार्यपत्र प्रस्तुत गरिएको थियो । निर्देशक राजेन्द्र भट्टराईले नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोबार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ (चौथो संशोधन सहित) तथा नेपाल राष्ट्र बैंक मनिचेञ्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ (चौथो संशोधन सहित) मा भएका नीतिगत व्यवस्था तथा इजाजतपत्रप्राप्त संस्थाहरूले ध्यान दिनुपर्ने विषयका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

यसैगरी उप निर्देशक सुजन खनालले एकीकृत परिपत्रहरू-२०८० मा उल्लेखित इजाजतपत्र प्राप्त संस्थाहरूसँग सम्बन्धित नीतिगत व्यवस्थाको पालना र देखिएका समस्याको समाधान सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । तत्पश्चात् सहभागीहरूबीच यस बैंकले जारी गरेका नीतिगत व्यवस्था कार्यान्वयनका क्रममा देखिएका द्विविधा तथा विभिन्न व्यवहारिक कठिनाइ एवम् सहभागीहरूको सुझाव लगायतका विविध विषयमा अन्तरक्रिया गरिएको थियो । कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले उक्त अन्तरक्रिया कार्यक्रमको संयोजन तथा सहभागीहरूको जिज्ञासाको सम्बोधन गर्नुभएको थियो ।

सो अवसरमा विराटनगर कार्यालयका निर्देशक बुद्धराज शर्माले स्वागत मन्तव्य राख्दै मनिचेञ्जर व्यवसायी तथा इजाजतपत्रप्राप्त संस्थाले नेपाल राष्ट्र बैंकले जारी गरेका निर्देशनको अनुपालन गर्न विशेष ध्यान दिनुपर्ने तथा पर्यटन प्रवर्द्धनमा समेत योगदान पुऱ्याउन भूमिका खेल्नुपर्ने धारणा राख्नुभयो । उक्त कार्यक्रम उप-निर्देशक पुष्पा अधिकारीले संचालन गर्नुभएको थियो । ■

# पाल्पामा वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम




वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले पुस ८ गते पाल्पाको रम्भा गाउँपालिकामा वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम आयोजना गऱ्यो ।

संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्टको उपस्थितिमा आयोजित कार्यक्रममा स्थानीय विद्यार्थी, शिक्षक, युवा, कृषक, लघुवित्त संस्थामा आबद्ध महिला, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रममा महाशाखाका उप-निर्देशक इन्द्रत्रिविक्रम पहारीले वित्तीय साक्षरताको अवधारणा, आधारभूत वित्तीय ज्ञान, व्यक्तिगत वित्त र प्राथमिकता निर्धारण, बचत, ऋण, लगानी, ब्याजदर, बीमा, डिजिटल वित्तीय सेवा र सोको उपयोग, विद्युतीय भुक्तानीका लाभ, विद्युतीय भुक्तानीको सुरक्षित प्रयोगलगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा सिद्धार्थनगर कार्यालयका निर्देशक विज्ञानराज सुवेदीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक विजयकृष्ण कुटुले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# कैलालीमा डिजिटल वित्तीय साक्षरता कार्यक्रम सम्पन्न




वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले पुस १८ गते कैलालीको हसुलियामा 'डिजिटल वित्तीय साक्षरता कार्यक्रम' आयोजना गऱ्यो ।

आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट र भुक्तानी प्रणाली विभागका निर्देशक सुभाषचन्द्र घिमिरेको उपस्थितिमा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा हसुलियास्थित दीपेन्द्र मावि, राष्ट्रिय मावि र जनकल्याण माविमा अध्ययनरत विद्यार्थी, स्थानीय साना व्यवसायी, शिक्षक, विद्यार्थी, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा भुक्तानी प्रणाली विभागका निर्देशक सुभाषचन्द्र घिमिरे र महाशाखाका उप-निर्देशक टेकराज भण्डारीले डिजिटल वित्तीय साक्षरताको विविध पक्षलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो । सोपश्चात् विद्यार्थी र साना उद्यमीको १० वटा समूह निर्माण गरी वित्तीय सचेतना सम्बन्धमा सामूहिक कार्यशालासमेत सञ्चालन गरिएको थियो ।

कार्यक्रममा कार्यकारी निर्देशक भट्टले डिजिटल वित्तीय साक्षरताको सान्दर्भिकता बढ्दै गएको उल्लेख गर्दै डिजिटल बैंकिङका लाभ र चुनौतीबारे चर्चा गर्नुभयो । सो अवसरमा धनगढी कार्यालयका का.मु. निर्देशक सुधा दुलाल आचार्यले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक देवेन्द्र निरौलाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# गोरखा र बर्दियामा तथ्याङ्क सङ्कलन सम्बन्धी गोष्ठी सम्पन्न



गोरखा

पोखरा कार्यालयले पुस १८ गते गोरखामा 'आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयक गोष्ठी आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक विना ढकाल पौडेलको अध्यक्षतामा सञ्चालित गोष्ठीमा गोरखास्थित विभिन्न सरकारी कार्यालय, गोरखा उद्योग वाणिज्य संघ, स्थानीय क्याम्पसका प्रतिनिधि र बैंक तथा वित्तीय संस्थाका शाखा प्रमुखसहित ४५ जनाको सहभागिता थियो । कार्यक्रममा आर्थिक अनुसन्धान विभागका निर्देशक सुशील पौडेलले आर्थिक तथ्याङ्कको उपादेयता र पोखरा कार्यालयका सहायक निर्देशक विक्रम बुढाथोकीले गण्डकी प्रदेशमा आर्थिक तथ्याङ्कको स्थिति, तथ्याङ्क सङ्कलनको अवस्था तथा समस्याबारे वार्ता प्रस्तुत गर्नुभयो । सो अवसरमा सहभागीका तर्फबाट तथ्याङ्क सङ्कलन र व्यवस्थापनसँग सम्बन्धित जिज्ञासा प्रस्तुत भएको थियो ।

कार्यक्रममा निर्देशक पौडेलले सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिँदै तथ्याङ्कको उपलब्धता र यसको व्यवस्थापनमा राष्ट्र बैंक र सरोकारवाला निकायबीच समन्वय हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । सो अवसरमा उप-निर्देशक रञ्जना शर्माले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक पूर्णबहादुर मौराती नेपालीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, नेपालगञ्ज कार्यालयले पुस २३ गते बर्दियामा 'आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयक गोष्ठी सम्पन्न गऱ्यो । कार्यालयका निर्देशक देवेन्द्र गौतमको अध्यक्षतामा आयोजित कार्यक्रममा बर्दिया जिल्लाका तथ्याङ्क प्रदायक सरकारी कार्यालय, स्थानीय तह, उद्यमी/व्यवसायी, बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवाला निकायका प्रतिनिधिसहित करिब ५० जनाको सहभागिता थियो ।

गोष्ठीमा कार्यालयका उप-निर्देशक लवली श्रीवास्तवले आर्थिक तथ्याङ्कको आवश्यकता, महत्त्व र तथ्याङ्क सङ्कलनका क्रममा भोग्नुपरेका प्रमुख समस्याबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । गोष्ठीमा सहभागीका तर्फबाट तथ्याङ्क सङ्कलनसम्बन्धी केही फाराम परिमार्जन गर्नुपर्ने, आर्थिक तथ्याङ्कको विश्वसनीयताको लागि नेपाल राष्ट्र बैंक, सरकारी निकाय र उद्योगहरूबीच समन्वयात्मक संयन्त्र निर्माण गर्नुपर्ने लगायतका आवश्यकतामा जोड दिइएको थियो ।

कार्यक्रममा निर्देशक गौतमले समापन मन्तव्य राख्दै समयमै तथ्याङ्क उपलब्ध गराउन सरोकारवाला निकायका प्रतिनिधिलाई अनुरोध गर्नुभयो । सो अवसरमा कार्यालयका सहायक निर्देशक मामराज पथिकले स्वागत मन्तव्य राख्नुभयो भने सहायक आश्रित ओझाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■



बर्दिया

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न





विभिन्न विभाग/कार्यालयले पुस महिनामा विभिन्न विषयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेका छन्।

यसै क्रममा गभर्नरको कार्यालयले पुस २८ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा मानव संसाधन व्यवस्थापन विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरेले 'HR Practices and Challenges in Nepal Rastra Bank' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले राष्ट्र बैंकमा मानव संसाधनसम्बन्धी दृष्टिकोण, मानव संसाधन व्यवस्थापनको विद्यमान स्थिति, मानव संसाधन योजना, विद्यमान नीतिगत व्यवस्था, जनशक्ति प्राप्ति, विकास, उत्प्रेरणा, प्राथमिकता, समस्या र चुनौतीका विषयमा जानकारी दिनुभयो। कार्यक्रममा विभिन्न विभाग कार्यालयका ६० भन्दा बढी कर्मचारीको सहभागिता थियो।

यसै गरी, वित्त व्यवस्थापन विभागले सोही दिन ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा सहायक निर्देशक तृष्णा अधिकारीले बाह्य लेखापरीक्षकबाट बैंकको खर्च तथा सम्पत्तिको लेखाङ्कन र करकट्टी सम्बन्धमा नियमित रूपमा औँल्याउने कैफियत र त्यस्ता कैफियतको जवाफ प्रेषित गर्ने प्रक्रियाबारे चर्चा गर्नुभयो।

यसै गरी, पोखरा कार्यालयले पुस २४ गते ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो। सो अवसरमा कार्यालयका उप-निर्देशक सुदीप त्रिपाठीले 'Clearing and Settlement System in Nepal' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो।

विराटनगर कार्यालयले पुस २४ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा सहायक निर्देशक दीपिका उप्रेतीले 'कोशी प्रदेशमा उत्पादित अर्थोडक्स चियाले राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदान एवम् आन्तरिक र बाह्य बजारमा यसको सम्भावना र चुनौती' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले सर्टिफाइड र अनसर्टिफाइड अर्थोडक्स चिया उत्पादक किसानको लागत र आयको विश्लेषण, चिया उद्योगहरूको वित्तीय विश्लेषण तथा अर्थोडक्स चिया उद्योगमा रोजगारीको अवस्थासँगै अर्गानिक सर्टिफिकेसनले अर्थोडक्स चिया उत्पादक किसानको आयमा पारेको प्रभाव, उत्पादन र निर्यातको परिमाण, चिया निर्यातलाई प्रभाव पार्ने तत्वको विश्लेषण गर्दै कोशी प्रदेशमा अर्थोडक्स चियाको सम्भावना तथा चुनौतीहरूबारे चर्चा गर्नुभएको थियो।

यसैगरी धनगढी कार्यालयले पुस २५ गते कार्यालयको सभाहलमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो। कार्यालयका कर्मचारीहरूको सहभागिता रहेको उक्त कार्यक्रममा का.मु. उप-निर्देशक ध्रुव कार्कीले "Indicators and Contemporary Challenges of Macroeconomy" विषयमा वार्ता प्रस्तुत गर्नु भएको थियो।

यस क्रममा उहाँले नेपालको वर्तमान आर्थिक परिसूचकहरूको तथ्यगत विश्लेषण तथा वर्तमान चुनौतीहरूबारे चर्चा गर्दै सहभागीहरूबाट उठेका जिज्ञासाहरूको समेत सम्बोधन गर्नुभएको थियो। धनगढी कार्यालयका निर्देशक सुबास आचार्यले समापन मन्तव्य राख्दै केन्द्रीय बैंकका कर्मचारीहरूले आर्थिक नीतिका सम्बन्धमा अध्ययन, विश्लेषण तथा तर्जुमाका लागि आवश्यक पृष्ठपोषण गर्नुपर्ने भएको हुँदा विभिन्न आर्थिक परिसूचकहरूका सम्बन्धमा अद्यावधिक भईराख्नु पर्ने भएकोले आजको ज्ञान आदान प्रदानको विषयवस्तु महत्वपूर्ण रहेको चर्चा गर्नुभयो।







यसै गरी, सुर्खेत कार्यालयले पुस २८ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। सो अवसरमा कार्यालयका सहायक निर्देशक सागर मालाकारले 'IFRS and NFRS (Basic Concept)' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले IFRS र NFRS को विकासक्रम, नेपालको सन्दर्भमा NFRS को अवस्था, Reporting Standards को महत्त्व, वित्तीय विवरणको रूपरेखा, र नेपाल राष्ट्र बैंकको वित्तीय विवरणबारे जानकारी दिनुभयो। ■

# जोखिम व्यवस्थापन सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न

संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले पुस ४ गते काठमाडौंमा जोखिम व्यवस्थापनसम्बन्धी कार्यशाला गोष्ठी आयोजना गर्‍यो।

बैंकका विभिन्न कार्यालय, महाशाखा, इकाइका जोखिम व्यवस्थापन अधिकृतहरूको सहभागितामा विभागले उक्त गोष्ठी आयोजना गरेको हो। बैंकका विभिन्न कार्यालय, महाशाखा, इकाइका जोखिम व्यवस्थापन अधिकृतहरूको सहभागितामा विभागले उक्त गोष्ठी आयोजना गरेको हो। गोष्ठीको पहिलो सत्रमा विभागका उप-निर्देशक आलोकज्योती शाक्यले 'Risk Register Preparation in NRB' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। कार्यक्रमको दोस्रो सत्रमा 'रिस्क रजिष्टर' तयार गर्ने सम्बन्धमा कार्यशाला सञ्चालन गरिएको थियो।



कार्यक्रममा विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्टले सहभागीबाट उठेका जिज्ञासाको जवाफ दिनुभयो। सो अवसरमा विभागका निर्देशक विनोदराज लेखकले स्वागत मन्तव्य राख्नुभयो भने अर्का निर्देशक डा. राजनकृष्ण पन्तले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो। उप-निर्देशक सिर्जना श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# बढुवा

विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक केशवप्रसाद तिमिल्सिना र वित्तीय संस्था सुपरिवेक्षण विभागका उप-निर्देशक ऋषिराम बराल निर्देशक (अधिकृत प्रथम) पदमा बढुवा हुनुभएको छ।

कार्यक्षमता मूल्याङ्कनका आधारमा पुस ७ गते उहाँहरूको बढुवाको निर्णय भएको हो। यसै गरी, पुस ८ को निर्णयानुसार विभिन्न विभाग/कार्यालयका १० जना सहायक निर्देशकहरू उप-निर्देशक (अधिकृत द्वितीय) पदमा बढुवा हुनुभएको छ। यसरी बढुवा हुनेमा वित्तीय जानकारी इकाइका खिलनाथ दाहाल, मुद्रा व्यवस्थापन विभागका रेशमबहादुर बल्छौडी र हरिगोविन्द महर्जन, लघुवित्त संस्था सुपरिवेक्षण विभागका राजु श्रेष्ठ र तुलाराम ओझा, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका सुदीपकुमार न्यौपाने, कानुन महाशाखाका श्रुति सिंह र सङ्गीता सिलवाल, आन्तरिक लेखापरीक्षण विभागका स्नेहा अग्रवाल र वित्तीय संस्था सुपरिवेक्षण विभागका सुन्दर खड्का हुनुहुन्छ।

यसै गरी, विभिन्न विभाग/कार्यालयका सात जना प्रधान सहायकहरू सहायक निर्देशक (अधिकृत तृतीय) पदमा बढुवा हुनुभएको छ। जसअनुसार जनकपुर कार्यालयका सुरेन्द्रकुमार साह र गंगेशकुमार झा, विदेशी विनिमय व्यवस्थापन विभागका प्रबिन सुवेदी र जुना श्रेष्ठ, गभर्नरको कार्यालयका देवेन्द्र निरौला, पोखरा कार्यालयका जितेन्द्रराज शाक्य र गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका लेखबहादुर पाण्डेको बढुवा भएको हो।

साथै, विभिन्न विभाग/कार्यालयका १३ जना सहायकहरू प्रधान सहायक (सहायक प्रथम) श्रेणीमा बढुवा हुनुभएको छ। यसरी बढुवा हुनेमा टक्सार महाशाखाका रीता अर्याल (कटुवाल) र विक्रम महर्जन, भुक्तानी प्रणाली विभागका सिर्जना थापा, बैंकिङ विभागका मानसिंह तामाङ, गभर्नरको कार्यालयका सन्तोष पनेरु, आर्थिक अनुसन्धान विभागका ऋषिराम कोइराला, सिद्धार्थनगर कार्यालयका सुनिलकुमार अर्याल, लघुवित्त संस्था सुपरिवेक्षण विभागका सविता आचार्य, कानुन महाशाखाका सुस्मित पौडेल, वित्तीय संस्था सुपरिवेक्षण विभागका राजन पोखरेल, विराटनगर कार्यालयका रूपेशमणी भट्टराई, बैंक सुपरिवेक्षण विभागका ध्रुव भट्टराई र वित्त व्यवस्थापन विभागका सुष्मा श्रेष्ठ हुनुहुन्छ।

यसै गरी, विभिन्न विभाग/कार्यालयका तीन उप-प्रधान चालकको प्रधान चालक पदमा बढुवा भएको छ। यसरी बढुवा हुनेमा सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका कालु तामाङ र राजकुमार भेटुवाल तथा सिद्धार्थनगर कार्यालयका सोहनलाल चौधरी हुनुहुन्छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूलाई हार्दिक बधाइ ज्ञापन गर्दछ। ■

## Major Financial Indicators

as on Mangsir End, 2081 (Mid-Dec, 2024)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 104.14 | 10.62 | 2.35 | 117.11 |
| 2 | Total Credit/GDP | 82.75 | 8.95 | 1.79 | 93.49 |
| 3 | Total Credit/ Total Deposit** | 79.47 | 84.27 | 75.94 | 79.83 |
| 4 | CD Ratio* | 78.08 | 83.91 | 75.05 | 78.54 |
| 5 | Fixed Deposit/Total Deposit | 51.88 | 56.75 | 67.26 | 52.63 |
| 6 | Saving Deposit/Total Deposit | 33.50 | 33.77 | 23.12 | 33.31 |
| 7 | Current Deposit/Total Deposit | 5.82 | 1.90 | 1.32 | 5.38 |
| 8 | Call Deposit/Total Deposit | 8.02 | 7.54 | 7.50 | 7.97 |
| 9 | NPL/ Total Loan^ | 4.28 | 4.37 | 10.84 | 4.42 |
| 10 | Total LLP /Total Loan | 4.60 | 4.47 | 9.72 | 4.68 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 5.98 | 7.76 | 7.19 | 6.17 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 8.20 | 6.50 | 9.94 | 8.08 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 17.28 | 15.09 | 13.63 | 17.01 |
| 3 | Total Liquid Assets/Total Deposit | 26.46 | 24.96 | 32.21 | 26.44 |
| **C. Capital Adequacy Ratios (%)** | | | | | |
| 1 | Core Capital/RWA | 9.76 | 10.25 | 11.66 | 9.83 |
| 2 | Total Capital/RWA | 12.66 | 13.25 | 14.20 | 12.74 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 5,070 | 1,137 | 292 | 6,499 |
| 3 | No. of Deposit Accounts | 49,315,090 | 7,323,775 | 927,905 | 57,566,770 |
| 4 | No.of Loan Accounts | 1,605,453 | 278,782 | 43,875 | 1,928,110 |
| 5 | No. of Branchless Banking Centers | 1,054 | 17 | - | 1,071 |
| 6 | No. of Branchless Banking Customers | 296,905 | 1,367 | - | 298,272 |
| 7 | No. of Mobile Banking Customers | 22,284,561 | 3,481,330 | 268,463 | 26,034,354 |
| 8 | No. of Internet Banking Customers | 1,463,800 | 608,121 | 16,910 | 2,088,831 |
| 9 | No. of ATMs | 4,837 | 349 | 41 | 5,227 |
| 10 | No. of Debit Cards | 11,995,383 | 1,151,057 | 71,752 | 13,218,192 |
| 11 | No. of Credit Cards | 298,506 | 1,990 | - | 300,496 |
| 12 | No. of Prepaid Cards | 209,790 | 2,790 | - | 212,580 |

| **E. Interest Rate(%)** | | |
|---|---|---|
| 1 | **Wt. Avg Interest Rate on Deposit** | **4.78** |
| | (a) Saving | 3.35 |
| | (b) Fixed | 6.80 |
| | (c) Call | 1.28 |
| 2 | **Wt. Avg Interest Rate on Credit** | **8.90** |

**Note:**

Bank balance includes money at call

Nominal GDP for 2023/24(P) stands at Rs. 5,704,844 million (Source:https://nsonepal.gov.np/detail/post/11023)

Negative core capital has been excluded in calculation of Capital Adequacy Ratios

Number of branches include head office, banking branches and extention counters

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Ashwin end of FY2080/81 (2023/24)

*CD Ratio =

$$\frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

**Total Credit / Total Deposit = $\frac{Total\ Credit}{Total\ Deposit}$ (As per balance sheet)

# केन्द्रद्वारा विदेशी विनिमय व्यवस्थापन तालिम सम्पन्न




बैंकर्स प्रशिक्षण केन्द्रले २०८१ पुस १ देखि ३ गतेसम्म 'Foreign Exchange Management in Nepal' विषयक सहायकस्तरीय तालिम कार्यक्रम सम्पन्न गरेको छ। नौ वटा सत्रमा सञ्चालित उक्त तालिममा नेपालमा विदेशी विनिमय व्यवस्थापनको कानुनी र अन्तर्राष्ट्रिय व्यापारको भुक्तानी प्रक्रिया, विदेशी विनिमय सटही, विदेशी लगानी र ऋणसम्बन्धी व्यवस्था, विनिमय विनिमय सञ्चितिको व्यवस्थापन र लगानी प्रक्रिया, विनिमय कारोबार गर्ने निकायलाई दिइने इजाजतसम्बन्धी व्यवस्थालगायतका लगायतका विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो। तालिममा विभिन्न विभाग/कार्यालयका ३० जना कर्मचारीको सहभागिता थियो। ■

## नियुक्ति तथा पदस्थापन

खुला प्रतियोगितात्मक परीक्षामा उत्तीर्ण हुनुभएका ३५ जनालाई सहायक पदमा नियुक्त गरिएको छ। पुस २४ देखि लागु हुनेगरी नियुक्त हुनुभएका उहाँहरूको विभिन्न विभाग/कार्यालयमा पदस्थापन भएको छ।

जसअनुसार नवीना तामाङ, सुस्मिता महर्जन, सुनेना विश्वास र अजिता राई जनकपुर कार्यालय, सुशीला खतिवडा र सुप्रभा अधिकारी वीरगञ्ज कार्यालय, योगेश खतिवडा, प्रणवराज कोइराला, सुमन प्रधान र सुस्मिता बराल पोखरा कार्यालय, यशोदा उपाध्याय सुर्खेत कार्यालय, प्रदीप साह तेली, अभिनाश दनुवार, सुनिलकुमार साह र मेघनाथकुमार यादव धनगढी कार्यालय, मोनिकाकुमारी सिंह, प्रज्ञा पोखरेल, पुष्पाकुमारी धिमाल र दिपक बि.क. नेपालगञ्ज कार्यालय र दिनिशा खाँण सिद्धार्थनगर कार्यालयमा पदस्थापन हुनुभएको छ।

यसै गरी, कानुनतर्फ नियुक्त हुनुभएका इमिशा पोखरेल, रिमाकुमारी सिंह, पप्पुप्रसाद यादव र सन्तबहादुर तामाङ कानुन महाशाखामा पदस्थापन हुनुभएको छ। साथै, सूचना प्रविधितर्फ पुष्पराज पाण्डे, नरेशकुमार चौधरी र निरोज सेढाई भुक्तानी प्रणाली विभाग, सन्जयदत्त चौधरी, प्रनिश श्रेष्ठ, लक्ष्मण चलाउने, आयुशा विष्ट, मनिषकुमार रजक, मञ्जीला खतिवडा, नरेश याकामी र रामकुमार स्वर्णकार सूचना प्रविधि विभागमा पदस्थापन हुनुभएको मानव संसाधन व्यवस्थापन विभागले जनाएको छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछ। ■

*प्रकाशक*

**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**

**सूचना तथा सञ्चार महाशाखा**

बालुवाटार, काठमाडौं, फोन : ५७१९६४१/४२, Ext.: २१३९/२१४०

इमेल : samachar@nrb.org.np,

वेबसाइट : www.nrb.org.np

*सम्पादक*

**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*

सविन ओली

लालकुमार सुवेदी

नवीना ताम्राकार

*ले-आउट*

संजीव दाहाल